# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २१, अङ्क : ०७, २०७९ कात्तिक २७ गते आइतवार (13 Nove. 2022 ), मूल्य रु. २०।-



प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

**निर्वाचन आयोगले मंसिर ४ गते मतदानको दिन देहायको सवारी साधन प्रयोग गर्न सवारी अनुमति पत्र लिनु नपर्ने गरी सहज आवागमनको व्यवस्था गरेको छ :**

- बिरामी बोकेको एम्बुलेन्स, शव वाहन, दमकल
- खानेपानीको ट्यांकर, फोहोरमैला ओसारपसार गर्ने सवारी साधन
- दूध बोक्ने सवारी साधन
- सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार माहतहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचय पत्र बाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन
- दूरसञ्चार तथा केवल सेवाका लागि प्रयोग हुने सवारी साधन
- अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन
- निर्वाचन आयोगबाट जारी परिचयपत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन
- तरकारी, फलफूल तथा विद्युत सेवका लागि प्रयोग हुने सवारी साधन
- कूटनीतिक नियोग, यूएन एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरूमा कार्यरत पदाधिकारी एवं कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन
- विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन
- सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन
- आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन ।

*(उक्त सवारी साधनहरू मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।*

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL


## स्वार्गीय शिक्षकको श्रद्धाञ्जली सभा

सुस्केरा समाचारदाता

डोल्पा कार्तिक - ठुलीभेरी नगर पालिका वडा नं. २ कुम्लीमा रहेको मान्म आधारभुत विद्यालयले मृतक २ जना पूर्व शिक्षकहरुको सम्झनामा श्रदाञ्जली सभा सम्पन्न गरेको छ ।

उक्त वडा निवासी पूर्व शिक्षक तथा जेष्ठ नागरिक दलबहादुर रोकाया र कार्यरत शिक्षक जयबहादुर भण्डारीको गएको एक महिना भित्र मृत्यु भएकोमा उहाँहरु प्रति विद्यालयको आयोजनामा आयोजित सभामा सबैले भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको उक्त विद्यालयले जनाएको छ । गएको असोज २० गते रोकाया र असोज कै २७ गते भण्डारीको मृत्यु भएको थियो । मृतक पूर्व शिक्षक रोकाया र शिक्षक भण्डारीको मृत्युले विद्यालय परिवार स्तब्ध भएको उक्त विद्यालयका प्रधानाध्यापक बिशु रोकायाले जताउनु भयो । उहाँका अनुसार मृतक पूर्व शिक्षक

....... .. .पेज नं. ८ मा

## डोल्पाका यात्रु मुगु पुर्‍याउनु गलत

लेखबहादुर बुढा

डोल्पा, कात्तिक - नेपालगन्ज विमानस्थल देखि जुफाल विमानस्थल डोल्पा पुग्नु पर्ने यात्रुलाई ताल्चा विमानस्थल मुगुमा पुर्‍याइएको भन्दै पिडित पक्षले जिल्ला प्रशासन कार्यालय बाँकेमा निवेदन दर्ता गरेका छन । डोल्पाको ठुलीभेरी नगरपालिका वडा नं. ५ की राजकुमारी बुढा र उहाँको ८ महिने बच्चा लाई यहि कार्तिक २२ गते नेपाल एयरलाईन्स्को हवाईजहाजमा नेपालगन्ज विमानस्थल देखि ताल्चा विमानस्थल मुगु पुर्‍याईएको थियो । पिडित यात्रु राजकुमारी बुढालाई कार्तिक २२ गते नेपालगन्ज देखि डोल्पाको लागि समिट यएरलाईन्स्मा टिकेट काटी बोडिंङपास सहित वईटिङ रुमा रहेको मान्छेलाई नेपाल एयरलाईन्स्को जहाजबाट ताल(

....... .. .पेज नं. ८ मा

# माथिल्लो डोल्पामा मतदान टोली पुर्‍याउन चिन्ता

सुस्केरा समाचारदाता

डोल्पा कार्तिक - आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन आउन अब ७ दिन मात्र बाँकी रहेको छ ।

हिमाली जिल्ला डोल्पामा निर्वाचनको तयारी तिब्र रुपमा भैरहेको मुख्य निर्वाचन अधिकृत बाबुराम सुवेदीले बताउनु भएको छ । हिमाली जिल्ला त्यसमा पनि चिसो मौसम र विभिन्न पासहरुमा हिमपात भैसकेको अवस्थामा निर्वाचनको मुख्य कार्य मतदानका लागि माथिल्लो डोल्पाका मौसम तथा हावापानीका हिसाबले समेत उच्च जोखिम रहेका मतदान केन्द्रहरुमा कर्मचारी पुर्‍याउनै निकै चुनौति रहेकाले पहिलो त्यतातिर ध्यान दिइएको पनि मुख्य निर्वाचन अधिकृत सुवेदीले बताउनु भयो ।

उहाँका अनुसार टाढाका मतदान केन्द्रमा खटेका मतदान टोलीले नियुक्ति बुझिसकेका छन् भने नजिकका मत(दान कर्मचारीहरु पनि नियुक्ति बुझ्ने क्रममा रहेका छन् । मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुको ओरेन्टेशन भैसकेको छ ।

माथिल्लो डोल्पाका शे फोक्सुण्डो गाउँपालिका, डोल्पोबुद्ध गाउँपालिका र छार्का ताङसोङ गाउँपालिकाका विभिन्न मतदान केन्द्रहरुमा कर्मचारी पठाउन हेलिकोप्टरको व्यवस्था गर्नका

....... .. .पेज नं. ८ मा

## सदरमुकाम नजिकै पुल नहुँदा समस्या

सुस्केरा समाचारदाता

डोल्पा कार्तिक - विभिन्न नदि तथा खोलानालाहरुमा पुल नबन्दा डोल्पा राष्ट्रिय सडक सञ्जालमा जोडिन अझै समय लाग्ने देखिएको मात्रै हाइन सदरमुकाम नजिकैको रुपगाड खोलामा पुल नबन्दा यात्रुहरुलाई निकै शास्ति हुने गरेको छ ।

डोल्पालाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने जाजरकोट डोल्पाको दुनै सडक खण्डमा पर्ने डोल्पाको सदरमुकाम दुनै नजिकैको रुपगाड खोलामा बन्न लागेको बेलीब्रीज लामो समयदेखि बन्न नसकेर लथालिङ्ग परेको छ ।

कोरोना लगायत विभिन्न कारणले गर्दा ठेक्काको म्याद थपिदै आएको र थपिएको म्याद पनि सकिदा समेत पुल निर्माण हुन सकेको छैन । रुपगाड खोलामा बन्न लागेको पुल नबन्दा दुनै नजिकै पर्ने जीपमा १० मिनेटको

....... .. .पेज नं. ८ मा

## मोरङ ३(१)मा लिम्बूको मनोनयन

सुस्केरा समाचारदाता

काठमाण्डौं, कात्तिक - नेपाली कांग्रेसबाट मोरङ क्षेत्र नम्बर ३ (१)मा मानबहादुर लिम्बूले मनोनयन दर्ता गराएका छन् । कांग्रेस उम्मेदवार शेखरचन्द्र थापाको बुधबार निधन भएपछि लिम्बूले मनोनयन दर्ता गराएका हुन् । उनले निर्वाचन आयुक्त कार्यालय बेलबारी मोरङमा मनोनयन दर्ता गराएका छन् ।

प्रदेश नं १ का वन, पर्यटन तथा भू-संरक्षणमन्त्री एवं मोरङ क्षेत्र नं ३ '१' का प्रदेशसभाका उम्मेदवार थापाको उपचारको क्रममा विराटनगरस्थित नोवेल शिक्षण अस्पतालमा निधन भएको थियो ।

मोरङको पथरीशनिश्चरे नगरपालिका-८ सखराका बासिन्दा ५८ वर्षीय थापाले गत असोज २३ गते निर्वाचनको मनोनयन दर्तापश्चात् स्वास्थ्यमा समस्या देखिएको थियो । थापाको स्वास्थ्यमा निमोनिया र पायल्ससमेत देखिएपछि उपचारका काठमाडौंको ह्याम्स अस्पताल लगिएको थियो । थापाका श्रीमती, एक

....... .. .पेज नं. ८ मा

## नो, नट अगेनका पक्षमा अन्तरिम आदेशलाई निरन्तरता

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक - सर्वोच्च अदालतले 'नो, नट अगेन' अभियान चलाउने अभियन्तालाई कारबाही नगर्न यसअघि दिएको आदेशलाई निरन्तरता दिएको छ ।

न्यायाधीशद्वय सपनाप्रधान मल्ल र शुष्मालता माथेमाको इजलासले निर्वाचन आयोगको निर्णय मुद्दाको किनारा नलागेसम्म कार्यान्वयन नगर्न भनेको हो । यसअघि कात्तिक २० गते (आइतबार) न्यायाधीश हरिप्रसाद फुँयालको इजलासले 'नो, नट अगेन' अभियान चलाउने अभियन्तालाई कारबाही नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

दुई न्यायाधीशको संयुक्त इजलासले बिहीबार यसअघि जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई मुद्दाको फैसला नभएसम्मका लागि अन्तरिम आदेश जारी गर्ने निर्णय सुनाएको हो ।

कात्तिक-८ मा निर्वाचन आयोगले विभिन्न दलका शीर्ष नेताको फोटो राखेर 'नो, नट अगेन'को प्रचार नगर्न भनेपछि विवाद सुरु भएको थियो । सो निर्णयले अभिव्यक्ति स्वतन्त्रतालाई हनन गर्ने भन्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले रिट दायर गरेका थिए । निर्वाचन आयोगले उक्त पोस्ट तत्काल हटाउन तथा फेसबुक पेजसमेत बन्द गर्न चेतावनी दिएको थियो । साथै, आयोगले तत्काल पोस्ट नहटाए विद्युतीय कारोबार ऐनको दफा ४७ अन्तर्गत ५ वर्ष कैद र १ लाख रुपैयाँ

....... .. .पेज नं. ८ मा

### माथिल्लो डोल्पामा ... ........

लागि निर्वाचन आयोगमा अनुरोध गरिएको तर व्यवस्था हुने आश्वासन प्राप्त भएको पनि मुख्य निर्वाचन अधिकृत सुवेदीले जानकारी दिनु भयो । माथिल्लो डोल्पामा खटिने मतदान टोलीहरुले आआफ्नो मतदान स्थलका लागि सम्पूर्ण सामग्री बुझेर मुख्य निर्वाचन अधिकृतकै कार्यालयमा राखेको र हिड्ने बेलामा लिने गरी व्यवस्थापन गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले जनाएको छ ।

मतदानका लागि मात्र होइन निर्वाचनलाई कसरी स्वच्छ, निष्पक्ष, भयरहित बनाउने भन्ने विषयमा पनि गम्भिर रुपमा छलफल भैरहेको र निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित बनाउने कुरामा कुनै पनि कसुर बाँकी नराख्ने गरी तयारी थालिएको मुख्य निर्वाचन अधिकृत सुवेदीले जानकारी दिनु भयो ।

मतदाताले आफ्नो मतको सदुपयोग गर्ने दिन आउन थोरै समय छ । जनताको समस्यालाई प्रदेश र केन्द्रीय सदनमा पुर्‍याउनको लागि प्रत्यक नागरिकले आफ्नो मत प्रयोग गरेर जतप्रतिनिध चुन्ने दिन आउदै छ ।

आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन नजिकिए संगै प्रत्यक नागरिकहरु चुनावकै चर्चा गर्न थालेका छन । उम्मेदवारहरु पनि डोल्पाका विभिन्न ठाउँहरुमा मतदाता भेटघाट कार्यक्रममा व्यस्त छन भने मतदाता पनि एक पार्टीबाट अर्को पार्टीमा प्रवेश गर्ने लहरै चलेको छ ।

हरेक जनताको समस्यालाई समाधान गर्ने जनप्रतिनिधि निर्वाचीत गर्नु पर्ने हो तर हाम्रो गाउँ समाजमा सानो तिनो रिसिविका कारण दैनिक पार्टी परिवर्तन गर्ने चलन भने राम्रो राजनितिक संस्कार होईन । आफ्नो पार्टीमा आबद्ध भए नराम्रोलाई पनि राम्रो भन्ने अनि विपक्षी पार्टीमा भए राम्रोलाई पनि नराम्रो भन्नु एक किसिमको कुसस्कार हो ।

चुनाव हुने दिन नजिकिए संगैं डोल्पामा फरक फरक मत भनाई राख्ने मान्छे भेटिन थालेका छन । जुन राजनितिक दलमा आस्था राख्छन त्यसै पक्षको जित सुनिश्चित छ भन्ने पनि भेटिन्छन तर डोल्पामा सबैको घरदैलो अभियान राम्रै भएको हुदा यो पटक नतिजा सोचेको भन्दा फरक आउने भन्ने पनि भेटिन्छन ।

आगामी मंसिर चार गते हुने प्रतिनिधि सभा सदस्यको लागि सत्ता गठबन्धनको तर्फबाट नेकपा एकीकृत समाजवादी र नेकपा एमालेको प्रतिस्पर्धा हुदै छ यस्तै प्रदेश क मा सत्ता गठबन्धनको तर्फबाट नेपाली कांग्रेस र नेकपा एमाले र प्रदेश ख मा सत्ता गठबन्धनको तर्फबाट नेकपा माओवादी केन्द्र र नेकपा एमाले विच कडा अनि रोचक प्रतिस्पर्धा हुदै छ । प्रत्यक नागरिकले आफ्नो मतदान गर्न स्वतन्त्र अधिकार नेपालको संविधानमै व्यवस्था भएको हुदा ढुक्क संग आफ्नो मतको सहि प्रयोग गर्न सवै मतदाताहरुलाई जानकारहरुले आग्रह गरेका छन ।

### स्वर्गीय शिक्षकको ........

र शिक्षक दुबै जनाको सम्झनामा आयोजित श्रदाञ्जली सभामा राखिएको मृतक शिक्षकहरुको फोटोमा फूलमाला, खादा, अबिर अर्पण गर्नुका साथै १ मनेट मौनधारण गरी उहाँहरुको योगदानलाई स्मरण गर्दै श्रद्धाञ्जली दिने कार्यक्रम सम्पन्न गरिएको थियो ।

श्रदाञ्जली सभामा श्रदासुमन अर्पण गर्दै उक्त वडाका वडा अध्यक्ष तथा स्वर्गीय पूर्व शिक्षक दलबहादुर रोकायाका सुपुत्र कमल क्षेत्रीले विद्यालयका लागि एउटा कक्षा कोठा निर्माण गरिदिने र विद्यालयका लागि ५० हजारको अक्षय कोष स्थापना गरि दिने प्रतिवद्धता जनाउनु भएको विद्यालयले जनाएको छ ।

विद्यालयले आयोजना गरेको श्रद्धाञ्जली कार्यक्रममा विद्यालय सेवा क्षेत्रका बृद्ध, युवा, बालबालिकाहरु र स्वर्गीय दुबै जना शिक्षकहरुका परिवारजनहरुको समेत उपस्थिति रहेको विद्यालयले जनाएको छ ।

### मोरङ ३(१) मा .........

छोरा र एक छोरी छन् ।

### हिमपातले ...... .... ..

चा विमानस्थल मुगु पुर्‍याई झण्डै ४ घण्टा पछि तारा एयरको विमानबाट नेपालगन्ज फर्काईएको थियो । एयरलाईन्सहरुले मनपरी तरिकाले आफुलाई दुख दिएको र किन के कारण मुगु पुर्‍याईयो र टिकटको पैसा फिर्ता माग्दा उल्टै धम्की दिने गरेको भन्दै छानविन गरि क्षतीपुर्ति माग सहित पिडित यात्रुले जिल्ला प्रशासन कार्यालय बाँकेमा निवेदन दर्ता गर्नुभएको छ । नेपालगन्ज देखि डोल्पा उडान भर्ने विभिन्न एयर लाईन्सहरुले मनपरी गर्दा यात्रुहरुले सहजै उड्न पाउने अवस्था नरहेको बारम्बार गुनासो आउने गरेको छ ।

### नो नट अगेनका ..... .... ....

जरिमाना हुनसक्ने चेतावनी दिएको थियो ।

निर्वाचन आयोगको कदम असंवैधानिक भएको भन्दै त्रिपाठीले 'नो, नट अगेन' अभियान चलाउने अभियन्तालाई कारबाही गर्ने निर्वाचन आयोगको निर्देशनविरुद्ध सर्वोच्चमा गत कात्तिक १४ गते रिट दायर गरेका थिए ।

उक्त रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले 'नो, नट अगेन' अभियान चलाउने अभियन्तालाई कारबाही गर्ने आयोगको निर्णय कार्यान्वयन नगर्न भनेको हो । निर्वाचन आयोगले 'नो नट अगेन' अभियानकोविरुद्धमा सूचना जारी गर्नु नागरिकको लोकतान्त्रिक अधिकारको स्वतन्त्रतालाई निषेध गर्ने र निर्वाचनको स्वच्छता, निष्पक्षतालाई कुण्ठित गर्नु रहेको आदेशमा भनेको छ ।

निर्वाचन आयोगले गत ८ कात्तिक प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि दलको उम्मेदवारी दर्ता भइसकेको सन्दर्भमा नो, नट अगेनका फेसबुक पेज र ग्रुपबाट निर्वाचनमा उम्मेदवार रहेका दलका नेता'दयगत लाञ्छनापूर्ण अभिव्यक्ति तथा भ्रामक र द्वेषपूर्ण श्रव्यदृष्य सामग्री प्रकाशन गरिएको भन्दै कसुर गर्ने व्यक्तिलाई १ लाख रुपैयाँसम्म जरिमाना र पाँच वर्षसम्म जेल सजाय हुनसक्ने भन्दै यस किसिमका गतिविधि नगर्न विज्ञप्ति जारी गरेको थियो ।

### सदरमुकाम नजिकै .. .........

सडक बाटोमा समेत यात्रुले निकै शास्ति खेप्नु परेको दुनैका स्थानीय तथा पुराना र अग्रज ठेकेदार लक्ष्मीकान्त उपाध्यायले बताउनु भयो ।

लामो समयदेखि बन्दै गरेको बेलीब्रीज ३ वर्ष तत्कालिन सरकारले ठेक्का गराएर करबगाड, खदाङ, त्रिपुराकोट र रुपगाडमा बनाउन सुरु गरिएको थियो । करबगाड, खदाङ र त्रिपुराकोट बगरका बेलीब्रीजहरु निर्माण सम्पन्न भैसकेका छन् भने रुपगाड खोलाको पुल भने बनेका पुलहरुको भुक्तानी नदिदा काम गर्ने काम गर्ने कामदारहरुले पैसा नपाएकाले सामान ल्याउन नदिएका कारण बन्न नसकेको जनाइएको छ । यो पुल नबन्दा रुपगाड खोलामा काठको फड्को बनाएर जीप लगायतका विभिन्न यात्रु वाहक र मालवाहक यातायातका साधनहरु ओहोर दोहोर गराउने गरिएको भए पनि त्यही फड्को पनि जिर्ण भएर भत्केकाले मर्मत तथा नयाँ निर्माण हुन सकेको छैन । मुख्य सडक भित्र पर्ने भएकाले तत्काल मर्मत तथा निर्माण गरिनु पर्नेमा सम्बन्धित निकायले आलटाल गरिरहेका कारण यात्रुहरुलाई शास्ति हुने गरेको जनाइएको छ । यस पुल निर्माण तर्फ स्थानीय सरकारको पनि ध्यान जान सकेको छैन ।


## उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# बिना बहकाउ मतदान गरौं

यति बेला नेपाली भूमि निर्वाचनमय बनेको छ। आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेद्वार बनेकाहरु घरघर चाहार्न पुगेका छन्। अनेकन प्रलोभन देखाउदै भोट मागि रहेका छन्। यति बेला उम्मेद्वारहरुले आफ्ना भावी यो जनाहरु नागरिक सामु राखि रहेका छन्। सपना मात्र बाँडिरहेका छैनन् अनेकन आश्वासनहरु पनि जनता सामु दिएका छन्। कतिले जागिरका कुरा गरेका छन्। योजनाहरु बाँडि सकेका छन्। मन्त्री, गाउँपालिका, नगरपालिकाका पदाधिकारी तथा कार्यपालिका सदस्यहरुले चुनावि अभियानसँगै विभिन्न योजनाहरु वितरण गरिसकेका छन्।

यसरी जुन प्रकारले चुनावको समयमा जनताहरुलाई आउने र आश्वासन दिनेहरुले अरु बेला जुन नेताले निश्वार्थ रुपमा काम किन गर्दैनन् त ? यो आम मतदाताहरुले बुझ्न जरुरी छ। अझ भन्नु पर्दा आफ्नो गाउँपालिका, नगरपालिका र आफ्नो उम्मेद्वारी रहेको क्षेत्रमा नेपाल सरकारका तथा प्रदेश सरकारका मन्त्रीहरुले आफूलाई मत दिए विभिन्न मौखिक तथा उधारा प्रतिबद्धताबाट आफ्नो बाजेको बृत्त हो ला जस्तो गरेर सरकारी योजनाहरु बाँड्दै हिडेका छन्। यसरी सर कारी ढुकुटीको दुरुपयोग गर्ने बाचा गरिरहेका छन्। योजना बाँड्ने कुरामै पक्षपातपूर्ण बोलीहरु बोलिएका छन्। आफूलाई भोट नहाले विभिन्न योजना नदिने, गाउँमा दिइएका योजनाहरुमा सहभागि नगर ाउने प्रकारका गलत बोलीहरु स्थानीय तहका कार्यपालिका पदाधिकारी तथा सदस्यहरुले बोली रहेका छन्।

त्यसैले पनि मतदाताहरुले धेरै पटक सोचेर उसले दिएका आश्वासनहरु के सबै गाउँबासिहरु, सबै स्थानीय तहबासिहरु, सबै जातजाति, पेशाकर्मी, जिल्लाबासिहरु, सबै क्षेत्र वर्ग समग्रलाई समेट्न सक्छ की एकाध स्वार्थ समूहका लागि हो भन्ने कुरामा ध्यान दिनु आवश्यक छ। किनकी जो जसले आफुलाई मत दिए यो गर्छु मत नदिनेलाई दिन्न भन्छ भने त्यस्ता उम्मेद्वारलाई चिनौ र भोट नदिऊ। सबै मतदाताहरुले आफ्नो भोट आफैले खसाल्न पाउने वातावरण निर्वाचन आयोगले निर्माण गर्नु पर्छ र मतदाताहरुले पनि धेरै पटक सोचेर, व्यक्तिवादी काम गरेका र काम गर्ने बचन गर्नेहरुलाई कुनै पनि हालतमा भोट दिनु हुँदैन। गाउँटोल, वडा, स्थानीय तह, जिल्ला, प्रदेश र देश बनाउने दुरदर्शी योजना जसले बनाउन सक्छ, कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सिंचाई, खानेपानी, सञ्चार लगायतका विभिन्न दुरगामी सुविधा हुने खालका योजना प्रस्तुत गर्ने, त्यसमा पनि आफूलाई भोट दिने नदिने सबैको हित हुने खालका नीति कार्यक्रम अघि बढाउने उम्मेद्वारलाई मतदान गरेर देशको स्वाभिमान उच्च बनाउन सबै मतदाताले मनै देखि सोचेर बहकावमा नलागि मतदान गर्नु आवश्यक छ। यति बेलै हो एउटा मत मतदान गर्न दश पटक सोच्नुहोस्। हामीले दिएको मतले माननिय, मन्त्री हुने अनि हामी माथि राज गर्ने हामीलाई नै पक्षपातपूर्ण व्यवहार गर्ने, सामूहिक हित नसो चेर व्यक्तिवादी योजना बाँड्ने त्यसमा पनि कमिशन खाई भ्रष्टाचार गर्नेलाई कुनै पनि हालतमा मतदान नगरौं। चेतना भया।

# आगो

विष्णु अधिकारी पादुका
बिन्दुको वृत्तबाट

दहनशील पदार्थको
अशुद्धिको कारण
आगोको रङ र तीव्रतामा
भिन्नता देखिने रहेछ

तथाकथित जातको ज्वाला
सत्ताको मातको ज्वाला
बेलाबेलामा हावाले
राँकोमय हुने रहेछ

प्रज्वलनको पराकाष्ठा
दृश्यमा देखिने ज्वालामात्रै होइन
आत्माभिमानको लप्काले
खरानी भएका अहम्हरु
हेर्न लायक देखिने रहेछन्।

कानुन र दण्डको आगोले
कसैलाई सेक्ने
कसैलाई जलाइरहँने गरिँदा पनि
आगो ताप्नेहरुको कमी छैन।

आगोसँग खेल्न सिपालुहरु
आफू जोगिँदै अरुलाई जलाइ बस्छन्
तिमी, म र ऊ
सबै ठुटा बाहेक केही रहेनौं
बचाइ, राख, जोगाइ राख
आगो
तिमी, म र उसलाई पनि
अपरिहार्य छ,
धर्तीको कुनै कुनामा पनि
अन्याय, अत्याचार, दुःख भोक
र
आवश्यकताको आगो नपुत्ताएको
होला र ?

# आगोसँग आउँदै-जाँदै

तातो रगतको भेल छिचोलेर
गर्भाशयको ज्वालामुखी
चुहियो चिसो धर्तीमा
अनि भोकको चट्याङले
ब्युँझायो,

पोल्ने ज्ञानले निकै
अल्छीपन देखायो म माथि
झिल्कोले त बल्नै सकेनछ

म त खरानीभित्रको भुतभुते जस्तो
न निभ्न न बल्न सक्ने बनाइएछु
व्यवस्थाका व्यायामहरुले
रोजगारीका रोगहरुले

कति समुद्र चोबलेर पारि हुत्याइएछु
कति लावालस्करमा लम्पसार बनाइएछु
आगो सल्कने डरले
मेरो मुखमा आश्वासनको
जल सिञ्चित भएछ पटकपटक

आगोबाट निस्केको आगो
पानीभित्र पनि बल्ने रहेछ
दाउरा बिना नि जल्ने रहेछ
परिवर्तनका बाछिटाले ................

खेलकुद

# साफ फुटबल उपाधि नेपाललाई

रासस

काठमाडौं, कात्तिक - बङ्गलादेशमा आयोजना भएको यू-१५ महिला साफ च्याम्पियनशिप फुटबल प्रतियोगिताको उपाधि नेपालले जितेको छ ।

बङ्गलादेशको ढाकामा शुक्रबार भएको डबल राउन्ड रोबिन लिगको अन्तिम खेलमा नेपालले बङ्गलादेशसँग १-१ गोलको बराबरी खेल्दै च्याम्पियन बनेको हो ।

खेलमा सुरुआती अग्रता नेपालले बनाएको थियो । खेलको १४औं मिनेटमा सुशिला केसीले गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन् । तर खेलको ५४औं मिनेटमा बङ्गलादेशकी खेलाडी रुमाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याइन् ।

त्यसपछि खेलको ८९औं मिनेटमा बङ्गलादेशले पेनाल्टी प्राप्त गरेको थियो । तर बङ्गलादेशकी बिबी रीताको पेनाल्टी प्रहार नेपालकी गोलकिपर सुजाता तामाङले उत्कृष्ट बचाउ गरिन् ।

त्यसपछि थप गोल भएन र खेल बराबरीमा सकिँदा नेपाल च्याम्पियन बनेको हो । नेपाल शीर्षस्थानमा रहँदै उपाधि उचाल्न सफल भयो । त्यस्तै यस बराबरीसँगै नेपालले चार खेलमा अपराजित रहँदै १० अङ्क जोड्यो । समान चार खेल खेलेको बङ्गलादेशले सात अङ्क जोडेर उपविजेता बन्यो । भूटान अङ्कविहीन रहँदै घर फर्कियो । प्रतियोगितामा नेपाल, भूटान र बङ्गलादेशको सहभागिता रहेको थियो । यो जितले नेपाललाई खुसि बनाएको छ ।

# शिक्षा ऐन विपरितको सरुवा बदर

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - मुड्केचुला गाउँपालिका शिक्षा समितिले शिक्षा ऐन नियम विपरित गरेको शिक्षक सरुवा सम्बन्धी निर्णय खारेज गर्न उच्च अदालत जुम्लाले अन्तरिम आदेश जारी गरेको छ । मुड्केचुला गाउँपालिका शिक्षा समितिको मिति २०७९ असोज ९ गते र गाउँ कार्यपालिकाले मिति २०७९ असोज १० गतेको बैठकले मुड्केचुला गाउँपालिका भित्रका विभिन्न सामुदायिक विधालयहरुमा कार्यरत १३ जना शिक्षक, शिक्षिकालाई विभिन्न विधालयमा सरुवा गरेको थियो । आफुहरु अपांगता भएको र सहमती विना सरुवा गरेको भन्दै ३ जना शिक्षकले उच्च अदालत जुम्लामा रिड हालेका थिए ।

शिक्षा ऐन, शिक्षा नियमावली विपरीत शिक्षक र विधालय व्यवस्थापन समितिको सहमति विना राजनिधि पूर्वाग्रह राखी सरुवा गरिएको भन्दै निर्णय बदर गरि पाउ भनि पिडित शिक्षकहरुले उच्च अदालत जुम्लामा रिड दायर गरेका थिए । मालिका मावि नर्कुमा कार्यरत नि.मा.वि. तृतीय श्रेणीका स्थायी शिक्षक ज्ञानेन्द्र बहादुर शाहीले पक्षको तर्फबाट दिएको रिडमा अधिवक्ता मिन बहादुर महतको बहस अनुसार उच्च अदालत जुम्लाका न्यायधीस श्री डाक्टर नवराज थपलीयाको एकल ईजालसले निवेदकहरु स्थायी अपांगता शिक्षक ज्ञानेन्द्र बहादुर शाही, करार शिक्षिका जानकी सिँह शाही र भगवती परियार लाई पूर्ववत विधालयहरुमा कामकाज गर्न अन्तरिम आदेश दिएको हो । कार्तिक २२ मंगलबार न्यायधीस डाक्टर नवराज थपलीयाको एकल इजालसले उक्त सरुवा शिक्षा ऐन २०२८ को दफा १६ (ज) शिक्षा नियमावली २०५९ को नियम ९८,९९ र मुड्केचुला गाउँपालिकाको शिक्षा ऐन २०७५ को दफा २६ विपरित रहेको भन्दै सरुवा गरिएको भन्दै शिक्षक शिक्षिकाको पक्षमा उच्च अदालत जुम्लाले अन्तरिम आदेश दिएको हो । गाउँपालिकाले निर्णय बदर नगरे आफुहरु पनि अदालत जाने अन्य शिक्षकहरुले बताएका छन ।

डोल्पाको मुडकेचुला गाउँपालिका भित्र विभिन्न सामुदायिक विधालयम कार्यरत शिक्षक,शिक्षिका,कर्मचारीले सहमति विना निर्वाचन आचार संहिता भित्र अन्तरपलिक सरुवा गरिएको छ । मुड्केचुला शिक्षा युवा तथा खेलकुद शाखाले गत असोज १२ गते बैठक बसी ९ गतेको मिति राखेर पलिका भित्रका विभिन्न सामुदायिक विधालयमा कार्यरत शिक्षक शिक्षिकाहरुलाई शिक्षा ऐन शिक्षा नियमावली विपरीत सरुवा सुचिमा परेका शिक्षक र विव्यस समितिको सहमती विना सरुवा गरिएको भन्दै निर्णय बदर गर्न माग गरेका छन ।

अन्तरपालिका सरुवा गरिएका १३ जना मध्य केहि महिला शिक्षिका,केहि अपांगता भएको शिक्षक रहेका छन । शिक्षा ऐन २०२८,शिक्षक सेवा नियमावली २०५७, शिक्षा नियमावली २०५९ को नियम ९९ को दफा १ अनुसुचि १७ बमोजिम र नियम ९९ दफा २ मा शिक्षक सरुवा सम्बन्धी प्रवधान विपरित राजनितिक पुर्वाग्रह राखि कुनै कारण विना सरुवा गरिएको भन्दै सोयम पिडित शिक्षक,विभिन्न शिक्षक संघ संगठनले आपत्ती जनाउदै आईरहेका छन ।

संस्कृति, कला, बाल संशार




यु १५ महिला साफ च्याम्पियनशिप फुटबलको उपाधि जिते पछि । खुसियाली साथै फोटो खिचाउदै नेपाली महिला खेलाडी टोली । रासस

# यी सवारी सधनले पास लिनु नपर्ने

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक - निर्वाचन आयोगले एक विज्ञप्ति जारी गर्दै मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावको दिन अत्यावश्यक सवारी साधनका लागि पास आवश्यक नहुने जानकारी दिएको छ ।

शनिबार विज्ञप्ति सार्वजनिक गर्दै निर्वाचन आयोगले अत्यावश्यक सवारी साधनका लागि पास आवश्यक नहुने निर्णय सार्वजनिक गरेको हो । आयोगले सवारी आवागमनलाई सहज बनाउन यस्तो निर्णय गरेको विज्ञप्तिमार्फत जानकारी गराएको छ । अनुमति दिएका सवारी साधनले मतदाता ओसारपसार गर्न भने नपाउने आयोगले जनाएको छ ।

चुनावको दिन अनुमति पत्र लिनु नपर्ने सवारी साधनहरुमा ।

- बिरामी बोकेको एम्बुलेन्स, शव वाहन, दमकल,
-खानेपानीको ट्याङ्कर, फोहोरमैला ओसारपसार गर्ने सवारी साधन,
-दूध बोक्ने सवारी साधन,
-सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानुनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचय पत्र बाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन,
-दूरसञ्चार तथा केवल सेवाका लागि प्रयोग हुने सवारी साधन,
-अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन,
-निर्वाचन आयोगबाट जारी परिचयपत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गने

## सामान्य ज्ञान ०७

*१. भारतीय राष्ट्रिय कङ्ग्रेस पार्टीको अध्यक्षमा चयन हुने राजनीतिज्ञ को हुन् ?*

*- मल्लिकार्जुन खड्गे*

*सन् २०२२ अक्टोबर १७ मा भएको निर्वाचनमा ८० वर्षीय खड्गेले कुल मतको ८४ प्रतिशत मत प्राप्त गरेका। प्रदेश कङ्ग्रेसबाट चुनिएर आएका प्रतिनिधिले गरेको मतदानमा खड्गेले प्रतिस्पर्धी शशी थरुरलाई भारी मतले पराजित गरेका ।*

*खड्गे अब सोनिया गान्धीका उत्तराधिकारी हुनेछन्। सन् २०१७ मा सोनियाले पार्टी अध्यक्षको जिम्मेवारी छोरा राहुल गान्धीलाई दिएकी थिइन् तर सन् २०१९ मा भएको आमनिर्वाचनमा पार्टीको लज्जास्पद पराजयसँगै राहुलले अध्यक्षबाट राजीनामा दिएपछि सोनिया अन्तरिम अध्यक्ष बनेकी थिइन् ।*

*भारतको दक्षिणी राज्य कर्नाटकका दलित समुदायका खड्गे लामो समयदेखि राजनीतिमा छन्। सन् १९४२ मा बिदर जिल्लामा जन्मेका उनी छिमेकी जिल्ला गुलबर्गामा हुर्किएका थिए ।*

*२. मनोरम गिडी ताल कहाँ रहेको छ ?*

*- जुम्ला*

*प्रकृतिको वरदान मनोरम गिडी ताल जुम्लाको तातोपानी गाउँपालिका-४ मा रहेको छ ।*

# कर्णालीलाई फर्केर हेर्दा



तिलक पौडेल

मेरो मुगु र डोल्पा बसाइका बेला

..... दोकानी आमै : म पन हप लोली (धैनकोटमाथिको गाउँ) की हुँ त । दे यत्तो भैहै, के र्वाईदी हुँ त ? अँदेइ काँबाट आयौ प ? (म पनि माथि लोली गाउँकी हु त नि ! लौ यत्रो भैसकेछौ, केको चिन्न सक्दिहुँ त नि ! अनि कहाँ गएर आयौ त ?)

म : नेपालगञ्जा गया छियाँ, जानेबोला चिलगाडीथी बाइगिया छियाँ तर आइनेबेला छराको केइ पाइएन । अँदेइ ५/६ जुना गोर्खाली स्हाथलाइकन आया हुँ देखिनौ ? (नेपालगञ्ज गएको थिएँ, जानेबेलामा हवाईजहाजबाट गएको थिएँ तर आउने बेला जहाजै पाइएन । अनि ५/६ जना गोर्खालीको साथ लागेर आएको हुँ, बुझ्नुभएन !) सुरुवाल र कमेजको पोशाकमा रुकस्याक झोला भिरेको पहिरन ४/५ दिनको हिँडाइले मैलिएको थियो । भाषा मिलेपछि मुगाली भन्न सुहाउँथ्यो ।

साथीहरू आइपुगे । लौ हेर स्याङ्जाली ! अघि चुरोट नखाने भनेको यहाँ आएर बिँडी तान्दै के-के गफ हाँकिरहेको छ ? भन्दा हल्ला नगर भो साथी हो ! भनें ।

दोकानी आमै : गोर्खाली भाषा पन उम्तै जान्दो भएहै त ! (नेपाली भाषा पनि धेरै जान्दो रहेछौ त नि !)

के भन्यो र आमै ? यो त गोर्खाली हो - स्याङ्जाको ! भनेर साथीहरूले भन्दा पनि फाक्टा गट्टा हौ, यो त हम्मै भाउवा भह त (ठट्टा नगर भो, यो त हाम्रो बाबु पो हो र'छ त !) भनेको क्षण वास्तवमा स्मरणीय छ । सही लवाइ-खवाइ अथवा भनौं भाषा-भेष मिलेमा साँच्चिकै आफन्त ठहरिँदो रहेछ !

भाषिकाको अन्तर, आपसी कलहको बीउ !

भाषाकै प्रसङ्गमा कास्कीका प्रमोद पौडेल र शान्तालक्ष्मी पौडेल गमगढीमा बस्नुहुन्थ्यो । पौडेल भएकाले मैले दाइ-भाउजू भन्ने गर्दथें । भाउजूले त्यहीँबाट प्रवेशिका परीक्षा पास गर्नु भएको थियो । सो परीक्षामा केन्द्राध्यक्ष कृष्णप्रसाद शर्माको सौजन्यमा उल्लेखायोग्य सहयोग भएको थियो । दाइभाउजूले त्यो सहयोग हदभन्दा बढी ठान्नु भएछ क्यारे ! म गमगढी पुगेको भनेपछि, मेरा लागि वहाँको भान्सामा खाना पाक्दथ्यो । खाद्यबाट पाइने सीमित कोटाको चामलबाट त्यहाँ पाहुना पाल्नु दुरुह मानिन्थ्यो । प्रसङ्ग भाषिकाको हो ! एकदिन म प्रमोददाइकोमा खाना खाँदै गर्दा सदरमुकाममा गणित-विज्ञान पढाउने प्यूठानी शिक्षक तेजप्रसाद मिश्रण भन्ने साथी मदहोशीमा टुपुल्किनुभयो । अलि गँठिलो ठूलो शरीरका मिश्रणको आवाज पनि ठूलो थियो । मेरी श्रीमतीले खाना खाएको ठाउँमा गएर, यो प्रमोदेले कुपुकुपु खाऊ भन्ने ! यस्ले मलाई, के सोचेको छ ए गाँडी ! ... भन्दै तलामा उक्लिए । म पनि भएपछि ए तिलकजी पनि आउनु भएको रहेछ ... भन्दै मस्थरिए । तल ठूल्ठूलो आवाजमा बोलेको सुनिएको हुँदा मैले कुरा उप्काउँदै भनें भान्सामा भाउजूले खाना पकाउन सहयोग गर्दै हुनुहुन्छ, गाँडी अलि विस्तारै भनन ! ... स्याङ्जा पोखरातिर गाँठे भनेजस्तै मिश्रणको थेगो गाँडी थियो । भनिन्छ दुल्लुका उल्लु, दैलेखी चोर, जुम्लेली ट्यापा, प्युठाने गाँडी एउटा थेगो हो । कुरा के परेछ भने, मिश्रणकी श्रीमती आएको बेलामा एकदिन घुम्दै प्रमोददाइ उनको कोठामा पुगेछन् । पुग्दा खानाखाने मेसो चलिरहेको रहेछ । श्रीमान्-श्रीमतीले खाना खाइरहेको बेलामा प्रमोददाइले यसरी करुणाभाव पोख्दाभएछन् रे । म्याडम ! बिजौरी फाँटको मसिनु चामल छाडेर यहाँ आउनु भयो, अब उसिना मोटोको भात भएपनि मीठै मानी कुपुकुपु खानुहोस् ... विचरा ! प्रमोदलाई भाषिक अनर्थता बारेमा थाहा रहेनछ ।

उल्लिखित सन्दर्भमा प्रयोग भएका शब्दमध्ये कास्कीमा गाँडी भन्नु, प्यूठानमा कुपु भन्नु र नेपालीमा स्त्रीजनेन्द्रीय याने पुती भन्नु एउटै अर्थ हुँदोरहेछ । अनि त आ-आफ्नो ठाउँमा प्रमोद र मिश्रणहरू श्रीमतीका अगाडि नमज्जा मान्ने नै भए । भाषिकाको अन्तर, आपसी कलहको बीउ बन्न पुगेथ्यो ।

सर्वत्र गरिबी पनि होइन रहेछ त्यततिर !

विद्यालय सञ्चालनका लागि स्रोत जुटाउन प्रायः सबै तिहारहरूमा विद्यार्थी-शिक्षक मिलेर देउसी-भैलोको कार्यक्रमहरू सञ्चालन गरिन्थे । एकपटक धैनालहरू देउसी खेल्दै श्रीनग्रे, गल्फामा पुगेऊँ । देउसी खेली सकेपछि सुत्ने व्यवस्थाका लागि प्रयागराज जैसी - पूर्व जिल्ला पञ्चायत सभापतिकहाँ गयौं । पाँडघर र थाडोमा सुत्न सकिने व्यहोरा जानकारी भएपछि सबैजना त्यतै लाग्यौं । प्रायः सबै सुतेपछि ३/४ जना बाँकी रहँदा सानो पाँडघरममा गयौं, जुन तामाको खड्कुलो - ठूलो ताउलो राख्नका लागि बनाइएको रहेछ र खड्कुलो राखिएको पनि थियो । अन्ततः त्यो खड्कुलो निकाल्नुभन्दा पराल राखेर त्यसैमा सुत्नु उचित ठहर्याई सोही ब्यहोरा कार्यान्वयन गरियो । भोलिपल्ट प्रयागराजजीले आफूले सभापति जितदाखेरि एकपटक त्यो खड्कुलोमा भात पकाएर भतेर खुवाएको प्रसङ्ग सुनाउनु भएथ्यो । त्यातातिर सबै गरीब भन्ने पनि होइन रहेछ ।

पञ्चायतकालका सुराकीहरू सक्षमै थिए !

स्थानीय निकायको चुनाव आयो । पञ्चायतीकालमा पञ्चायतइतर शिक्षकहरूको एउटै भूमिगत सङ्गठन थियो । मुगुबाट आइएसम्म पास भएका हस्तबहादुर मल्ल थिए, जो पनि शिक्षण पेशामा थिए । एकपटकको बैठकबाट हस्तबहादुरजीले आगामी चुनावमा जिल्ला पञ्चायतको सभापति पदमा उमेद्वारी दिनुपर्ने सर्वसम्मत राय भयो । त्यसको प्रचारी सुरुवात स्थानीय विकास अधिकारीलाई भिउकुलो सिँचाइ कार्यक्रममा भएको भ्रष्टाचारको प्रसङ्ग उठाई हातपात गर्नेबाट गर्नु उपयुक्त ठहरियो ।

सोही बमोजिम हस्तबहादुर स्थाविअको कोठामा छिर्दा त स्थाविअ रहेनछन् तर हस्तजीका पछि-पछि लागेका सिभिल पोशाकका प्रहरीहरू स्थाविअको कार्यकक्षमा पसी उनको सीटमाथि टाँगिएका राजारानीका तस्वीर भूईंमा खसालेर फुटाइदिएछन् । अनि राजद्रोहको अपराधीका रूपमा पक्डेछन् । यसरी हस्तजी जेल परे । तापनि शिक्षकहरूको अको बैठक बसी उनैलाई सभापतिको उमेद्वार बनाउने सर्वसम्मतिले निर्णय भयो । पञ्चायतकालका सुराकीहरू वास्तवमा गुह्य व्यहोरा पत्तालगाउन सक्षमै लाग्दथ्यो ।

अबोध मनमस्तिष्कमा कुटिल प्रपञ्चको सफल प्रयोग !

चुनावका बेलामा प्रधानाध्यापक बलराम नेउपाने र म भई खनायामा खट्यौं । रातको समयमा मतदाताहरूको नामावली उतारी प्रत्येकलाई रु.५०।- हात पार्यौं । अनि टिस्यूपेपरको सानो चिर्कटोममा मतदाताका नम्बर लेखी टोपलेर यो टुक्रा भोटसँग खसाल्नु पर्नेछ, गणना गर्ने समयमा पाइएन भने यो पैसा फिर्ता गर्नुपर्छ नि !... भनेर अर्थ्याइयो । चुनाव सकियो । नभन्दै हस्तबहादुर मल्लजीले सभापति पदमा विजय हासिल गरे । नेपालगञ्जका पत्रिकाहरूले जेलमा सभापति शीर्षक बनाए । शिक्षक साथीहरू पनि उल्लिखित बमोजिमको कुटिल (?) प्रयास अन्ततः सफल भएकामा खुसी नै भयौं । रीतिस्थिति, चालचलन, मान्यता भनेको परम्पराको धरोहर !

वर्षेबिदामा/मिनपचासको बिदामा घर आई साउनको अन्त्यतिर मुगु फर्कियो । त्यस समयसम्म पनि पानी नपरेर खडेरी परेको थियो । धैनको सारा ज्यूला (फाँट) को धान सुकेर पराल जस्तो देखिन्थ्यो । धाँजा फाटेर भूइँचालोले धर्ती चिरेजस्तो दृश्य देखिन्थ्यो । ...... क्रमशः .............


## ठुलीभेरी नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

ठुलीभेरी नगरपालिकाको कार्यालय

जुफाल, डोल्पा

# आचारसंहिताको कसीमा निर्वाचन

- कृष्णहरि बास्कोटा(गोपबाट)

आगामी मङ्सिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यको निर्वाचन हुन गइरहेको छ। सो निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा गराउन निर्वाचन आयोगले आचारसंहिता लागू गरेको छ। सामान्यतः आचारसंहितालाई एउटा नैतिक बन्धनका रूपमा बुझिन्छ तर यसलाई पछिल्ला दिनमा राजनीतिक संस्कारको विकास र कानुनी दण्ड सजायका रूपमा पनि बुझिन थालेको छ। आयोगले मतदानको नि(जकका १७ दिन मात्रै उम्मेदवारले आमसभालगायतका माध्यमबाट आफ्नो प्रचार प्रसार गर्न पाउने गरी आचारसंहिताको व्यवस्था गरेको छ। यस्तो कार्य पनि बिहान ८ बजेदेखि साँझ ५ बजेसम्मका लागि मात्रै गर्न पाइने व्यवस्था छ। निर्वाचन खर्चका हकमा अधिकतम ३३ लाख रुपियाँसम्मको सीमा निर्धारण गरिएको छ। हालको मूल चासो भनेको निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन गराउनु नै हो ।

आचारसंहितालाई झट्ट हेर्दा यो एउटा परम्परा थेग्ने कार्यका रूपमा पनि बुझ्न सकिन्छ। तथापि २०६४ सालदेखि यसलाई कानुनी विषय पनि बन(इयो। साथै मुलुकमा सङ्घीय शासन प्रणाली लागू भएसँगै स्थानीय तहको निर्वाचन, प्रदेश सभाको निर्वाचन र प्रतिनिधि सभाको निर्वाचनमा लगभग समान प्रकारको आचारसंहिता जारी गर्ने अभ्यासको थालनी भएको छ। यस्तो आचारसंहिता जारी गर्ने प्रचलन भारतलगायतका मुलुकमा पनि छ। भारतमा सन् १९६२ देखि यसको आरम्भ भएको हो। त्यहाँ मोडल कोड अफ कन्डक्ट लागू गरी निर्वाचनलाई स्वच्छता प्रदान गर्ने गरिन्छ। बङ्गलादेशमा आचारसंहिता उल्लङ्घन गर्नेलाई कैदसम्मको सजाय हुन्छ। नेपालमा आयोगले स्पष्टीकरण सोध्ने, सचेत गराउने, दण्ड जरिबाना गर्ने र उम्मेदवारी खारेजी गर्नेसम्मको अधिकार प्रयोग गर्ने कानुनी व्यवस्था छ ।

निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि उजुरीको व्यवस्था र अनुगमनको प्रणाली दह्रो हुनुपर्छ। हाम्रो सन्दर्भमा यस्तो उजुरी मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यमबाट वा अन्य कुनै पनि तरिकाले दिन सकिन्छ। यस्तो उजुरी निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय वा तोकिएको समिति, टोली वा अनुगमन अधिकृतसमक्ष दिन सकिन्छ। सामा(न्यतः यस्तो उजुरी कार्यान्वयन हुने कुरामा विश्वस्त भएपछि मात्रै उजुरी पर्ने हुन्छ। तथापि प्रमाणसहित उजुरी परेमा कारबाही हुन्छ भन्ने कुरामा आश्वस्त हुनुपर्छ। निर्वाचन आयोगले यही अवधिमा अर्थ मन्त्रालयसँग निर्वाचनमा प्रभाव पार्ने गरी रकम(न्तर गर्न नहुने कुरामा चासो राखेको छ। प्रदेश सरकारले करका दर घटाउन खोजेको विषयमा आवश्यक पहल गरेको छ। स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले आचारसंहिता उल्लङ्घन गरेकोमा नगद जरिबाना गरेको छ। तथापि आमजनमानसको मनमा रहेको प्रश्न भनेकै के साँच्चै आचारसंहिता उल्लङ्घन गर्ने जो कोही दण्डित हुन्छन् भन्ने नै हो। यसलाई सम्भव भएको देखाउनुपर्छ । सामान्यतः बहुदलीय शासन प्रणाली लागू भएको मुलुकमा राजनीतिक दल र उम्मेदवारलाई निर्वाचनमा प्रतिस्पर्धाका लागि समान अवसर उपलब्ध होस् भन्नकै लागि आचारसंहिता निर्माण गरी लागू गरिन्छ। तथापि उच्च लोकतान्त्रिक नैति(कता भएका राजनीतिक दल र उम्मेदवार एवं मतदाता भएको मुलुकमा आचारसंहिता आवश्यक पर्दैन। हाम्रो सन्दर्भमा यस्तो परिस्थिति निर्माण भइनसकेकाले हाल व्यापक क्षेत्र र पक्ष समेटिएको एउटा महत्वाकाङ्क्षी आचारसंहिता जारी भएको छ। यसलाई खेलको एउटा नियम जसलाई सबैले पालना गर्नुपर्छ भन्ने रूपमा बुझ्नु नै उपयुक्त हुनेछ। सामान्यतः यो आचारसंहिता दल र उम्मेदवारकै सल्लाह र सहमतिमा निर्माण भएकाले लागू हुनेमा विश्वास गरिन्छ ।

विश्वव्यापी अभ्यास हेर्दा निर्वाचनका बखत सबै मुलुकमा कुनै न कुनै प्रकारको समझदारी निर्माण गरिन्छ। स्यान(मारमा सुकीको दल र सत्तारूढ दलको सहमतिमै आचारसंहिता बनेको थियो। जसका कारण आममतदाताले अधिक सङ्ख्यामा मतदानमा भाग लिऊन् भन्ने पनि हो। जनमत जसको पक्षमा गए पनि पराजित हुने पक्षले सरकार निर्माण र शासन सञ्चालनमा सघाउने वाचा गरिन्छ। साथै निर्वाचनका बखत शान्ति सुरक्षामा कुनै असर नपाने, आममतदातालाई झुटा आश्वासन नदिने लोकतान्त्रिक शासन प्रणालीको निर्वाचनको आदर्श पक्ष हो। यसर्थ नेपालमा हालका दिनका दल र उम्मेदवारका घोषणापत्रको पनि अनुगमन हुनुपर्ने चर्चा बढ्दै गएको छ। केही मुलुकमा सत्तारूढ दलका लागि छुट्टै आचारसंहिता लागू हुने प्रणाली पनि छ। मूलतः अन्तर्राष्ट्रिय संसदीय समितिको पेरिस बैठकले पनि आचारसंहिताका तीनवटा आयाम नैतिकता, राजनीतिक र कानुनी पक्षलाई आत्मसात् गरेको छ । निर्वाचनमा विशेषगरी दलहरूले जिम्मेवारी बोध गर्नुपर्छ। दल र उम्मेदवारले खर्चको स्रोत खुलाउनुपर्छ। यथार्थमा राजनीतिक पात्रहरूबीचको अविश्वासको वातावरण उनीहरू स्वयंले चिर्नुपर्छ। निर्वाचन राज(नीतिक द्वन्द्वलाई व्यवस्थापन गर्ने सशक्त औजार पनि हो। यसले कुनै अमूक दल वा उम्मेदवारलाई पाँच वर्ष शासन गर्ने वैधता प्रदान गर्छ। जसका कारण प्रतिस्पर्धाको वातावरण अनुकूल बनाउन आचारसंहिताको कार्यान्वयनमा कडाइ गर्नुपर्छ। यस अवधिमा सामाजिक सञ्जालको पनि समुचित व्यवस्थापन गर्नुपर्छ। अर्थात्, दल र उम्मेदवारले जनताको अपेक्षाअनुसार आफ्ना क्रियाकलापलाई मर्यादित तुल्याउनुपर्छ। निर्वाचन आयोगले निर्वाचनमा असर पाने कुनै पनि सरकारी वा अर्धसरकारी निकाय वा संस्थाअन्तर्गतको कुनै परियोजनाको स्रोतसाधन तथा कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग गर्न नहुने गरी आचारसंहिता जारी गरेकाले सार्वजनिक जिम्मेवारीको पदमा आसीन रहेकाले यसको अक्षरशः पालना गर्नुपर्छ । नेपालमा सङ्घीय शासन प्रणाली लागू भएपछि दोस्रो पटक प्रतिनिधि सभा र प्रदेश सभाका लागि निर्वाचन हुँदै छ। यसमा आयोगले मतदाता शिक्षाको कार्यक्रम सञ्चालन गरिरहेको छ। यसलाई सबैले सघाउनुपर्छ। साथै आयोगबाट निर्वाचनको स्वच्छताका लागि जारी गरेका सूचना, निर्देशनलगायतलाई संरक्षण गर्नुका साथै आमजनताको पहुँचमा पुऱ्याइदिनु पनि सबैको कर्तव्य हुन्छ। निर्वाचनका बखत दल र उम्मेदवारले शैक्षिक संस्थालाई आफ्नो प्रचार प्रसारको क्षेत्र बनाउनु हुँदैन। शिक्षक र विद्यार्थी पनि आफ्नो अनुशासन र सीमामा रहनुपर्छ। निर्वाचनमा फजुल खर्च गर्नु हुँदैन। यसका लागि दल वा उम्मेदवारको निर्वाचन चिह्न अङ्कित ज्याकेट, टिसर्ट, टोपी, मास्क, लकेटलगायतका सामग्री उत्पादन गर्नु हुँदैन ।

नेपालको संविधानले प्रत्येक नागरिकको सम्पत्तिलाई अनतिक्रम्य ठहर गरेको छ। यसर्थ कसैको पनि घर जग्गामा तत् सम्पत्तिको मालिकसँग स्वीकृति नलिई दल वा उम्मेदवारको प्रचार सामग्री राख्न पाइन्न। यसर्थ घर-घरमा झन्डा गाड्दै हिँड्ने वा घर पर्खालमा वाल पेन्टिङ गर्ने वा अर्काको घरमा जबरजस्ती पर्चा पम्प्लेट टाँस्न आचारसंहिताले निषेध गरेको छ। निर्वाचनको प्रचार प्रसार गर्दा कसैले पनि ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्रहत्या हुने गरी प्रचार प्रसार गर्नु हुँदैन। साथै सभा-सम्मेलन, जुलुस गर्दा पनि निषेधित, संवेदनशील क्षेत्र, समय, स्थान सबैको ख्याल गर्नुपर्छ। अर्थात् आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकार हनन हुन्छ कि भनी पूर्ण सजग हुनुपर्छ। निर्वाचन प्रचार प्रसारमा बालबालिक(ाको प्रयोगलाई पूर्णतः निषेध गरिएको छ । .....(साभारः गोरखापत्र)


## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

# निर्वाचन आचारसंहिताको महत्व

- लक्ष्मीविलास कोइराला

आमनिर्वाचनको माहोलले गाउँसहरमा ठूलो चहलपहल ल्याएको छ। मनपरेको योग्य उम्मेदवार छनोट गने अवसर जनताको हातमा आएको छ। कुन उम्मेदवार, कुन राजनीतिक दल वा कुन स्वतन्त्र उम्मेदवारलाई मतदान गर्ने घरपरिवार मतदाताबीच छलफल पनि सुरु भएको छ। मनोनयन दर्तापछि जनतालाई आफूप्रति आकर्षित गर्न उम्मेदवार र राजनीतिक दलको सक्रियता बढेको छ। उम्मेदवार र राजनीतिक दलहरू प्रचारप्रसारमा लागेका छन् भने निर्वाचन आयोग पनि निर्वाचनको व्यवस्थापनमा जुटेको छ। सँगै प्रतिनिधिसभाको र सात प्रदेशसभाको सदस्यका लागि हुने आमनिर्वाचनको महायज्ञमा राजनीतिक दल र उम्मेदवार होमिएका छन्।

निर्वाचन आफैँमा एक प्रतिस्पर्धात्मक क्रिया हो। जसले मतदातालाई आफूप्रति आकर्षित गर्न सक्छ, उसैको जित हुने कारण मतदाता आकर्षण उनीहरूका लागि चुनौतीपूर्ण बन्ने गरेको हुन्छ। निर्वाचन वातावरण स्वतन्त्र, निष्पक्ष, भयरहित र पारदर्शी भएको खण्डमा मात्र मतदाता मतदान केन्द्रसम्म पुगेर मत खसाल्ने सम्भावना बढी हुन्छ। जति धेरै मतदान भयो, त्यति धेरै प्रतिस्पर्धा हुन्छ र निर्वाचनको वैधता पनि। यसकारण, मतदाताका लागि सहज वातावरणमा मतदान गर्ने अवसर बनाउनु सरकार, राजनीतिक दल, निर्वाचन आयोग र आममतदाताको जिम्मेवारी हो।

निर्वाचन प्रणालीलाई स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन नेपालको संविधानले संवैधानिक अंगका रूपमा निर्वाचन आयोगको व्यवस्था गरेको छ। निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र भएन भने नागरिक र उम्मेदवारको मौलिक हक कुण्ठित हुने, शान्तिपूर्ण सत्ता परिवर्तनमा बाधा पर्ने, मतदाता र उम्मेदवारबीचको सम्बन्ध धुमिल हुने, मत परिणाम अनपेक्षित आउने, उम्मेदवारको निर्वाचन व्यक्तित्व, चरित्र, योग्यता र विचार धाराको आधारमा नभई धनबल, बाहुबल र छलबलका आधारमा हुन पुग्ने तथा निर्वाचनको विश्वसनीयता ह्रास हुने अवस्था आउँछ। यसकारण, निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन आयोग कृत संकल्पमा छ। आयोगले आफ्नो जिम्मेवारी पूरा गर्न निर्वाचनको कुशल व्यवस्थापन र निर्वाचन अनुशासनको पालनामा जोड दिएको छ। निर्वाचन अनुशासनका लागि आयोगले राजनीतिक दलको सहभागितामा निर्वाचन आचार संहिता बनाई कार्यान्वयनमा ल्याउने गर्छ।

निर्वाचन आचार संहिता निर्वाचन सिद्धान्त, व्यवहार र मार्गदर्शनको सँगालो हो, जसलाई निर्वाचनसँग सम्बन्धित सरोकारवाला सरकार, राजनीतिक दल, कर्मचारी, उम्मेदवार तथा मतदाता सबैले पालना गर्नुपर्छ। आचार संहिताले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र भयरहित बनाउने उद्देश्य राखेको हुन्छ। निर्वाचनका सरकारवालाले आचार संहिता निर्माणमा सहभागी हुनु, आचार संहिताका प्रावधानप्रति सहमति जानाउनुभन्दा उनीहरूले आचार संहिताको पालना गर्नु र आचार संहिताको कार्यान्वयनमा सहयोग गर्नु महत्वपूर्ण पक्ष हो।

आचार संहिताको इतिहास निर्वाचन प्रणालीजस्तो धेरै पुरानो छैन। प्रजातान्त्रिक निर्वाचन प्रणालीको आरम्भसँगै निर्वाचनको व्यवस्थापन गर्न आवश्यक कानुनको निर्माण र कार्यान्वयन भए पनि निर्वाचन आचार संहिताको प्रचलन धेरैपछि भएको देखिन्छ। नेपालमा २०१५ सालमा सम्पन्न पहिलो प्रजातान्त्रिक आमनिर्वाचनको व्यवस्थापन गर्न बनेको जनप्रतिनिधि ऐन, २०१५ ले निर्वाचन खर्च र निर्वाचनसम्बन्धी गैरकानुनी व्यवहार नियन्त्रण गने प्रावधान राखेको पाइन्छ। नेपालको सन्दर्भमा आचार संहिताको सुरुवात यहीँबाट भएको मान्नु पर्छ।

२०४७ सालभन्दा अगाडि भएका निर्वाचनमा स्पष्ट रूपमा आचार संहिताको व्यवस्था भएको देखिँदैन। नेपाल अधिराज्यको संविधान, २०४७ पश्चात् सम्पन्न निर्वाचनको व्यवस्थापन गर्न आयोगले निर्वाचन आचार संहिता बनाएको र कार्यान्वयनमा ल्याएको देखिन्छ। त्यसपछि नियमित रूपमा आयोगले राजनीतिक दलहरूको सहभागिता र संलग्नतामा निर्वाचन सञ्चालन गर्न समय समयमा निर्वाचन आचार संहिता बनाई लागू गर्दै आएको छ।

आचार संहिता स्वभावैले गतिशील हुन्छ। राजनीतिक शासन प्रणालीमा परिवर्तन, सूचना सञ्चार प्रविधिमा विकास, निर्वाचन प्रविधिको विकास तथा नागरिकको परिवर्तित चासोका कारण निर्वाचन वातावरण परिवर्तन हुने भएकाले आयोगले हरेक निर्वाचनमा राजनीतिक दलको सहभागितामा नयाँ निर्वाचन आचार संहिता जारी गर्ने र सरकार तथा दलको सहमति र प्रतिबद्धतामा कार्यान्वयन गर्छ। कानुनी प्रावधान र सरोकारवालाको सहभागिता र प्रतिबद्धताले गर्दा निर्वाचन आयोगले जारी गरेको आचार संहिता ऐनजस्तै शक्तिशाली हुने गर्छ।

निर्वाचन ऐन, २०७३ मा आयोगको जिम्मेवारी स्पष्ट रूपमा उल्लेख गरी सो जिम्मेवारी पूरा गने प्रक्रियाको सम्बन्धमा आवश्यक व्यवस्था गरिएको छ। अघिल्ला ऐनहरूभैँ निर्वाचन ऐन, २०७३ ले पनि निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन आचार संहिता बनाई लागू गर्नसक्ने व्यवस्था गरेको छ। त्यस्तो आचार संहिता पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ भने आचार संहिताको उल्लंघन कसैबाट भएमा आयोगले त्यस्तो कार्य रोक्ने आदेश दिन, स्पष्टीकरण सोध्न, रोक्न वा १ लाख रुपियाँसम्म जरिमाना गर्न तथा आचार संहिता उल्लंघनको स्पष्ट आधार र कारण भएमा उम्मेदवारको उम्मेदवारीसमेत रद्द गर्नसक्ने व्यवस्था ऐनमा रहेको छ। आचार संहिता अनुशासित सभ्य र सम्मानित निर्वाचन प्रणालीको आधारस्तम्भ हो। आयोगले प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आचार संहिता २०७९ जारी गरेको छ। आचार संहिताले निर्वाचन अनुशासन कायम राख्न जोड दिएको छ। आचार संहिताले राजनीतिक दलहरूले मतदातालाई पैसा, बल तथा छलबाट प्रभावित गर्न नसकून्, सार्वजनिक सम्पत्तिको निर्वाचनमा प्रयोग हुन नपाओस् भन्ने उद्देश्य राखेको छ।

जनप्रतिनिधि चयन गर्ने निर्वाच महँगो बन्न गयो भने त्यस्तो निर्वाचनमा सबै नागरिकको पहुँच कम हुन जान्छ। निर्वाचन प्रतिस्पर्धी हुँदैन र निर्वाचित प्रतिनिधि जनताप्रति उत्तरदायी पनि हुँदैनन् र समाजमा आपराधिक क्रियाकलाप बढ्न जान्छन्। यसकारण, आयोगले निर्वाचन खर्चमा बार लगाएको छ र तामझाम, पोस्टर, पम्प्लेट तथा भोजभतेरलाई दुरुत्साहन गरेको छ। निर्वाचन भयरहित वातावरणमा हुन सकेन भने मतदाता मतदान स्थलसम्म नै जाँदैनन् र निर्वाचनमा कम मत खस्ने, अनपेक्षित परिणाम आउने र सत्ता परिवर्तनमा पनि अनिष्ट हुन सक्छ। साथै, निर्वाचन प्रणाली विश्वसनीय भएन भने त्यस्तो निर्वाचन परिणामले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा वैधता नपाउन सक्छ। यसकारण, आयोगले शान्तिपूर्ण, निष्पक्ष र पारदर्शी निर्वाचन वातावरण बनाउन आचार संहिता कार्यान्वयनमा जोड दिँदै सत्रियता बढाएको छ।

सभ्य निर्वाचन संस्कृतिको विकास र प्रवर्द्धन राजनीतिक दलहरूले मात्र गर्न सक्छन्। निर्वाचन आचार संहिताको कार्यान्वयनको पहिलो र महत्वपूर्ण अस्त्र राजनीतिक इमानदारिता हो। निर्वाचनमा सहभागी हुने सबै राजनीतिक दलले निर्वाचन आचार संहिता पालना गर्छौं भनेर सहिछाप गरे पालना गर्न चुक्नु हुँदैन। आफ्नो प्रतिबद्धताअनुरूप आचार संहिताको पालना गर्नुपर्छ। दोस्रो, अस्त्र आचार संहिता पालना भए नभएको निरन्तर अनुगमन गर्नु हो। अनुगमनले निर्वाचनमा प्रतिस्पर्धा गर्ने व्यक्ति तथा राजनीतिक दललाई खबरदारी गर्न सकिन्छ। ....(साभारः राजधानी)


## अर्गानिक वातावरण बनाऔं

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं। अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझि राखौं।

शरद लामा
निमित्त कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा

# निर्वाचनमा फेक मिडिया

- एकराज पाठक

अघिल्लो चार वर्ष अमेरिकी मिडियाले 'फेक मिडिया' को उपाधि पाए। सायद विश्वको शक्ति सम्पन्न देश अमेरिका र त्यहाँका पनि राष्ट्रपतिले नै प्रयोगमा ल्याएकाले होला यो वाक्यांश संसारमा नै प्रयोगमा आयो। खासमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यो वाक्यांशको प्रयोग गर्नुभएको थियो, अमेरिकी मिडियाहरूका लागि। उहाँले नै अमेरिकाका सबै (एकाधबाहेक) का मिडियालाई यो नामले बोलाउनुहुन्थ्यो। भाषण गर्न गयो कि उहाँले 'फेक' मिडियाबाट सुरु गर्नुहुन्थ्यो। पछि पछि त उहाँले फेक मिडिया अवार्ड नै स्थापना गरेको घोषणा पनि गर्नुभयो। र जसले बढीभन्दा बढी फेक (गलत समाचार) सम्प्रेषण गर्न सक्छ उसैलाई सो अवार्ड दिने घोषणा पनि गर्नुभएको थियो ।

कारण के थियो त ? अमेरिकी राष्ट्पतिजस्तो विश्व राजनीतिमै प्रभाव राख्ने शक्तिशाली व्यक्तिले मिडियालाई यस्तो उपाधि दिनुपर्ने कारण र तर्क थिए। आफू उम्मेदवार रहेको राष्ट्रपतीय निर्वाचनको प्रचारका समयमा अमेरिकाका कुनै पनि ठूला मिडियाले आफूलाई जित्छ भनेर लेखेनन् या सम्प्रेषण गरेरनन् भन्ने नै उहाँको तर्क थियो। पछि उहाँले चुनाव जित्नुभयो। उहाँले राष्ट्रपतिको उम्मेदवारीको प्रचार गरिरहँदा पनि आफूले जित्ने दाबी गर्दै गर्दा पनि कुनै अमेरिकी मिडियाले आफ्नो पक्षबाट समाचार सम्प्रेषण नगरेको गुनासो गरिरहनुहुन्थ्यो। उहाँका गुनासाहरू भने मिडियाले प्राथमिकताका साथ सम्प्रेषण गर्ने गर्दथे। चुनावमा उठेको जोसुकैले पनि आफूले निर्वाचन जित्ने दाबी त गरिहाल्छ नि भन्ने कोणबाट मिडियाले प्रचार गर्ने गर्दथे। जब उहाँले निर्वाचन जित्नुभयो, त्यसपछि उहाँको पहिलो निशाना नै मिडिया बन्यो। अनि उहाँले फेक मिडियाको उपाधि दिनुभयो। आफूलाई अमेरिकी नागरिकले मत दिन तयार रहेका तर मिडियाले भने आफूलाई कुनै पनि हालतमा जित्दैन भनेर प्रचार मात्र गरेकाले अमेरिकी मिडिया अमेरिकी नागरिकको मनसम्म पुग्नै नसकेको उहाँको तर्क थियो। जब कुनै मिडियाले जनताको मनमुटुमा पुगेर, जनताका कुरा बुझेर, उनीहरूको भावनालाई मुखरित गरिदिन सक्दैन र सतही बन्छ त्यो मिडिया फेक मिडिया हो भन्ने नै उहाँको तर्क थियो ।

उहाँ राष्ट्रपति रहुञ्जेल उहाँ र अमेरिकी मिडियाबीच एक प्रकारको वाक्युद्ध कायमै रह्यो। मिडियाले उहाँलाई खेद्ने, उहाँले फेक मिडिया भन्ने। यसरी विश्वमा नागरिकको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको हक, प्रजातन्त्र र नागरिक अधिकार को वकालत गर्ने अमेरिकी मिडियाले त्यस देशको सर्वोच्च व्यक्तिबाट निरन्तर चार वर्षसम्म नै यो उपाधि पाइरह्यो। यो दुःखद पक्ष हो। हामी सात समुद्रपारिका मानिसहरूले त्यहाँको त्यो द्वन्द्वलाई कसरी लिने ? यहाँका मिडियाकर्मी तथा राजनीतिज्ञले पाँच वर्षअघिको त्यो बहसबाट के सिक्ने ? यस्तो बहसलाई निर्वाचनका बेला स्मरण गर्दा हानि नहोला। मिडियाले चुनावका बेला कुनै पनि उम्मेदवार को आवाज दिँदा सकेसम्म बराबरी स्थान दिने प्रयत्न गर्नुपर्छ। किनभने चुनावका बेला सानो र ठूलो दल नहोस् भनेर नै संसद् विघटन गरेर चुनावमा जाने अन्तर्राष्ट्रिय प्रचलन छ। संसदीय शासन प्रणालीमा ठूलो र सानो दलको मापन गर्ने संसद्या कुनै दलको सिट सङ्ख्याले नै हो। त्यसैले संसदविहीन अवस्थापछि मात्र नयाँ संसद्को निर्वाचन सुरु गर्ने गरिन्छ ।

तर यति गर्दा पनि ठूला दलका धेरै कुरा त मिडियामा आइ नै हाल्छन्। त्यसको कारण जनमत हो। किनभने हिजोको संसद्या ठूलो दलको र ष्ट्रिय सञ्जाल पनि ठूलो हुन्छ र जनताका निर्वाचन केन्द्रित क्रियाकलाप बढी नै हुन्छन्। दलले र दलका कार्यकर्ताले आयोजना गर्ने ती 'इभेन्ट'का समाचार दिँदा पनि मिडियामा ठूला दलका आवाज बढी आउँछन् त्यो स्वाभाविक हो। यो अवस्थालाई पत्रकारिताले जनमतको स्थान अर्थात् जनताको आवाज भनेर परिभाषित गरेको हुन्छ। त्यसो हुँदा पनि मिडियाले सन्तुलन गर्न त खोजेकै हुन्छ। जस्तो कि छ सयभन्दा बढीको संविधान सभामा पनि राजतन्त्रको पक्षका तथा मुलुक सङ्घीयतामा जानु हुँदैन भन्ने एकाध जनप्रतिनिधिका आवाज पनि मिडियाले लुकाउँदैनथ्यो। त्यति धेरै सदस्य रहेको संविधान सभाबाट एकाधको आवाज बाहिर आउँथ्यो र जनतासमक्ष पनि पुग्थ्यो। यो जमिनमा उभिएर हेर्दा ट्रम्पले आफूलाई चुनाव हार्छ भनेर समाचार दिने मिडियालाई नै फेक मिडियाको उपाधि दिनु भनेको प्रजातान्त्रिक शासन व्यवस्थाको एक उच्चतम अतिवादी अभ्यास हो ।

मिडियाले सत्यतथ्य लेख्छ तर सबैलाई खुसी पारेर लेख्न सक्दैन। मिडियाको आधारभूत आचारसंहिता पनि हो यो। यो तथ्यलाई मिडियाबाहेकका अरू सबैले र विशेषगरी राजनीतिकर्मीले बुझ्नु जरुरी छ। यस्तो सङ्कट नेपाली मिडियालाई पनि विगतमा नपरेको होइन। तत्कालीन नेकपा माओवादी सशस्त्र द्वन्द्वको अन्त्य गरी शान्ति प्रक्रियामा समाहित भयो र त्यसको पहिलो सर्त संविधान सभाको निर्वाचन बन्यो। वि.सं २०६४ मै संविधान सभाको निर्वाचन भयो। अघिपछिजस्तै चुनावका बेला नेपालका मिडियाले पनि कसले चुनाव जित्छ भन्ने आकलन गरे नै। तर कसैले पनि भन्न सकेका थिएनन् पहिलो पार्टी माओवादी बन्छ भनेर। नेपालका सबै मिडियाको एउटा साझा विश्लेषण थियो- पहिलो पार्टी कांग्रेस, दोस्रोमा एमाले र तेस्रोमा माओवादी। अझ कतिपयले त द्वन्द्वका समयमा भएका ज्यादतीले जनता रुष्ट रहेकाले प्रचण्ड बाबुरामहरूले नै कसरी निर्वाचन जित्लान् भन्नेसम्मको पनि विश्लेषण गर्ने गर्दथे। त्यस समयमा नेपाली मिडियाका सामु एक प्रकारको सङ्कट आइलागेको थियो। माओवादीहरूले शान्तिपूर्ण संसदीय राजनीतिको बाटो रोजिसकेकाले उनीहरूलाई यसमा प्रवेश गराई मुलुकमा शान्ति स्थापना गराउनु थियो। त्यसैले उनीहरू निर्वाचन हार्दैछन् भनेर कतै भड्किने त्रास पनि थियो। उनीहरूलाई निर्वाचनमा लैजानु नै थियो तर मिडियाले सबैभन्दा ठूलो पार्टी माओवादी बन्दैछ भनेर लेख्न सक्ने अवस्था पनि थिएन। एकथरि माओवादी नेताहरू निर्वाचनमा जनताले कत्तिको पत्याउने हुन् भनेर चुनावमा जान डराइरहेको अवस्था पनि थियो। त्यसैले देशका सबै राजनीतिक दल र मिडियाले मुलुकमा शान्ति स्थापनाका लागि माओवादीलाई चुनावमा सहभागी गराउनैपने दायित्वमा थिए। माओवादी चुनावमा पनि गयो र पहिलो पार्टी भयो। यसरी हेर्दा त्यस समय नेपाली मिडिया पनि नेपाली जनताको मनमा पुग्न नसकेकै हो । वास्तवमा चुनावमा कसले जित्छ भनेर अनुमान गर्नु मिडियाका लागि एउटा ठूलो चुनौती नै हो। चुनावका बेलामा जनताका मनमुटुमा पुग्नु भनेको उम्मेदवारलाई भन्दा पनि गाह्रो काम हो मिडियाका लागि। हिजोका माथिका जस्तै यसै वर्षको पनि हामीसँग ज्वलन्त उदाहरण छ, काठमाडौं महानगरको चुनावको। बालेन साहको उदय सायद न मिडिया र न त सतही रूपमा हेर्दा नागरिकले नै अनुमान गरेका थिए। फेरि हरेक चुनावका आयाम र अवस्था फेरिँदै जान्छन्। अहिलेको चुनावमा यस्तो अवस्था देखा पर्दैछ कि जनताले जे भन्छ त्यो गर्दैन। दलका, उम्मेदवारका र मिडियाका अघि राखेको अभिमतअनुसार जनताले मत हाल्ने बेलामा नगर्न सक्छ। नेताले जनतासँग दिनहुँ ढाँट्छन् भने हामीले ढाँट्न किन नहुने भन्ने मानसिकतामा कतै जनता पुगेका छन् कि ? त्यसैले मिडियाका अनुमानको सही परिणाम नआउन सक्छ। त्यसैले मिडियाले फेक मिडियाको उपाधि पाउने डर हुन्छ भनेर बुझ्न सक्नुपर्छ ।

निर्वाचनका बेला जनताले आफ्ना उम्मेदवारसँग मिडियामार्फत भेट्छन्। मिडिया, मतदाता र उम्मेदवारको बीचमा असन्तुलन आएमा सूचना सही नहुन सक्छ ।...(साभारः गोरखापत्र)


## छार्का ताङसोङ गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

छार्का ताङसोङ गाउँपालिकाको कार्यालय

कागकोट, डोल्पा